# "पत्रकार सम्मेलन"

माननीय उपप्रधानमन्त्री तथा माननीय मन्त्रीहरू

मुख्य सल्लाहकार तथा सल्लाहकारहरू

मुख्य सचिव एवम् सचिवहरू

सञ्चारकर्मी मित्रहरू

उपस्थित महिला तथा सज्जनवृन्द ।

संवत् २०८१ साल असोज ११ र १२ गतेको अविरल भारी वर्षाका कारण आएको बाढी, पहिरो तथा डुबानका कारण ठूलो मात्रामा जनधनको क्षति भएको हामी सबैलाई अवगत नै छ। यस विपद्का घडीमा ज्यान गुमाउने सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, शोक सन्तप्त परिवारजनहरूमा हार्दिक समवेदना व्यक्त गर्दै सबै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। यस बाढी, पहिरो तथा डुबानका कारण ठूलो मात्रामा भएको जनधनको क्षतिप्रति गहिरो दुःखसमेत प्रकट गर्दछु।

विपद्का घटना सम्बन्धी सूचनाको प्रवाह, बाढी, पहिरो र डुबानमा परेका व्यक्तिहरूको खोज, उद्धार तथा घाइतेहरूको औषधि उपचार र अवरूद्ध सडक सञ्चालनका लागि अहोरात्र खटिने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्वयमसेवक, आम-सर्वसाधारण र सञ्चारकर्मीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

१. हालैको बाढी पहिरोबाट २१ जिल्लाहरू प्रभावित भएका छन्। जसमध्ये काभ्रेपलाञ्चोक, ललितपुर, धादिङ्, काठमाडौं, सिन्धुपाल्चोक, सिन्धुली र मकवानपुर जिल्ला अति प्रभावित भएका छन्।

२. यस घटनामा हालसम्म प्राप्त विवरण अनुसार २२४ जनाको मृत्यु, २४ जना बेपत्ता, १५८ जना घाइते भएका छन्। उच्च जोखिममा रहेका ४३३१ जनालाई उद्धार गरी सुरक्षित स्थानमा पठाइसकिएको छ।



CamScanner

३. भौतिक क्षतिको प्रारम्भिक आंकलन अनुसार हालसम्ममा खानेपानीका संरचनामा रु. ३ अर्ब ५५ करोड, सडक संरचनामा रु. २ अर्ब ५२ करोड, ऊर्जाका पूर्वाधारमा रु. ४ अर्ब र सिचाइ पूर्वाधारतर्फ रु. १ अर्बको क्षति भएको अनुमान छ।

४. यसैगरी ३७ वटा राजमार्ग अवरूद्ध भएकोमा ९ वटा राजमार्गमा अवरोध हटाइ सञ्चालनमा ल्याइएको छ।

५. सञ्चालनमा रहेका मध्ये कुल ६६७.९३ मे.वा. जडित विद्युत् क्षमताको १६ वटा जलविद्युत आयोजनाहरू, कुल ११३९.१९ मे.वा. जडित विद्युत क्षमताको १८ वटा निर्माणाधीन जलविद्युत आयोजनाहरू र ५ वटा प्रमुख प्रसारण टावरहरूमा क्षति भएको छ।

६. नेपाल दुरसञ्चार कम्पनी लिमिटेडको ३१२ साइटमा क्षति भएको छ।

७. कृषि तथा पशुपन्छी तर्फ ६ अर्बको क्षति भएको अनुमान गरिएको छ।

८. खोज तथा उद्धार कार्यमा ३० हजार ७ सय ३१ जना सुरक्षाकर्मी परिचालन गरिएको र तत्काल उद्धारका लागि हेलिकोप्टर समेत प्रयोग भएको छ।

९. विपद्को घटना पश्चात तत्काल सम्बद्ध निकायहरूलाई क्रियाशिल बनाउनुका साथै विभिन्न तहका बैठक बसी एवम् सर्वदलीय बैठकसमेत गरी विपद्मा समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन प्रयासहरू भएका छन्।

नेपाल सरकारले आगामी दिनमा प्राथमिकतापूर्वक गर्ने कार्यहरू यसप्रकार रहने छन्।

१) बाढी पहिरो तथा डुबानका कारण मृत्यू एवम् बेपत्ता भएका व्यक्तिका घरपरिवारलाई राहत रकम वितरण गर्ने कार्य प्रारम्भ भैसकेको छ। उक्त कार्यलाई यथाशीघ्र सम्पन्न गरिनेछ।

२) विपद् प्रभावित व्यक्तिहरूको खोज उद्धारको कार्य दुई दिनभित्र सम्पन्न गरिनेछ। उद्धार गरिएका र सुरक्षित स्थलमा राखिएका व्यक्तिहरूलाई सुरक्षित घरफीर्तिको व्यवस्था तत्काल सम्पन्न गरिनेछ। साथै, प्रभावित घरपरिवारलाई आवश्यकताका आधारमा राहत वितरण कार्यलाई एकद्वार प्रणालीबाट निरन्तरता दिइनेछ।



CamScanner

३) विपदमा घरबास गुमाएका परिवारलाई अस्थायी आवास निर्माणको लागि लाभग्राही पहिचान गरी तत्काल अनुदान रकम वितरण गरिनेछ।

४) विपदमा परी घाइते भएका व्यक्तिहरूको निशुल्क उपचारको प्रबन्ध गरिसकिएको छ। विपदपश्चात फैलिन सक्ने सम्भावित रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक तयारी गरिएको छ। यसको लागि प्रदेश र स्थानीय तहसँगको सहकार्यमा प्रभावित क्षेत्रमा आवश्यकतानुसार स्वास्थ्य शिविर सञ्चालन गर्ने तयारी गरिसकिएको छ।

५) बाढी पहिरोबाट अवरुद्ध तथा क्षतिग्रस्त खानेपानी संरचनाहरूको तत्काल मर्मत सम्भार गरी खानेपानी प्रणालीलाई पुनर्स्थापना गरिनेछ।

६) बाढीपहिरोबाट अवरुद्ध भएका मुलुकभरका रणनीतिक सडकहरूलाई थप तदारुकताका साथ यथाशीघ्र सुचारु गरिनेछ। यसका लागि पहिरोबाट अवरुद्ध सडक खोल्ने तथा पुल बगेका महत्त्वपूर्ण सडकमा बेलिब्रिज जडान गरिनेछ। सम्भाव्यताका आधारमा कजवे, डाइभर्सन जस्ता वैकल्पिक माध्यमबाट तत्काल यातायात सुचारु गर्ने प्रवन्ध गरिनेछ।

७) विभिन्न स्थानमा अवरुद्ध भएको टेलिफोन एवं विद्युत सेवा सुचारू गर्न क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण एवं पुनर्स्थापना गर्ने कार्य भैरहेको छ। यस कार्यलाई उच्च प्राथमिकताका साथ सम्पन्न गरिनेछ।

८) जलविद्युत उत्पादन अवरुद्ध भएका विद्युत गृह पुनः सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। सामान्य प्रकृतिका क्षतिको हकमा तत्काल मर्मतसम्भार गरी सञ्चालनमा ल्याइनेछ। क्षतिग्रस्त विद्युत प्रसारण लाइनका संरचनालाई इमर्जेन्सी रेस्टोरेशन टावर (emergency restoration tower) मार्फत प्रतिस्थापन गरिनेछ।

९) विपद् पश्चात हुनसक्ने अत्यावश्यक वस्तुको कृत्रिम अभाव, मूल्यवृद्धि र कालोबजारी नियन्त्रण गर्न निजी क्षेत्रसमेतको समन्वयमा बजार अनुगमन र नियमनलाई प्रभावकारी बनाइने छ।

१०) आसन्न चाडवाडको समयमा यात्रुहरूको यात्रालाई सहज र सुलभ बनाउन निजी क्षेत्रका सम्वद्ध व्यवसायीहरूसँग समन्वय गरी सुरक्षित र भरपर्दो यातायात व्यवस्था मिलाइने छ।

११) विपदबाट प्रभावित घरपरिवारलाई राहत उद्धार लगायतका विषयमा प्रदेश, स्थानीय तह एवं सम्बद्ध पक्षसँग आवश्यक समन्वय तथा सहजीकरण प्रभावकारी बनाउन सहसचिवहरूको नेतृत्वमा विपदबाट बढी प्रभावित जिल्लाहरूमा सम्बद्ध मन्त्रालयका कर्मचारी समावेश गरी स्थलगत टोली परिचालन गरी सकिएको छ।

१२) हालै मनसूनजन्य विपदबाट मानव बस्ती, पूर्वाधार, कृषिबाली तथा पशुपन्छीमा भएको क्षतिको प्रारम्भिक लेखाजोखा एक महिनाभित्र सम्पन्न गरी जनजीवनलाई सामान्य बनाउन प्रदेश तथा स्थानीय तहसँग समेत समन्वय गरी आवश्यक कार्य सम्पन्न गरिनेछ।

१३) विपदबाट भएको क्षतिको विस्तृत क्षति मूल्याङ्कन गरी पुनर्निर्माण तथा पुनर्लाभिका कार्यक्रमहरूको कार्ययोजना तत्काल तर्जुमा गरी तीनै तहका सरकारको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ।

१४) विपदको पूर्वसूचना सरकारले विभिन्न माध्यमबाट जारी गर्ने गरिएको छ। उक्त सूचनालाई सबै पक्षबाट गम्भीरतापूर्वक लिई जनधनको क्षति न्यूनीकरण गर्नमा सहयोग पुऱ्याउनु हुन सबैमा अनुरोध गर्दछु।

१५) विपदले सिर्जना गरेको यस विषम परिस्थितिमा राहत, उद्धार, पुनर्स्थापना, पुनर्निर्माण र पुनर्लाभिका कार्यमा सबै राजनीतिक दल, तीनै तहका सरकार, निजी क्षेत्र, विकास साझेदार, गैरसरकारी तथा सामुदायिक संस्थाहरू र स्वयंसेवकहरू एवं आम नागरिकहरूको सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद ।

२०८१ असोज १५